मिति २०७७/९/२१ गतेको सचिव वैठकका निर्णयहरु-

१. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा तयार पारिएको यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को संसोधित मस्यौदा उपर मिति २०७७/९/२४ गते माननीय मुख्यमन्त्री र मन्त्रीज्यूहरुको उपस्थितिमा NASC का पदाधिकारीहरुसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजना हुने छलफल तथा अन्तरक्रिया कार्यक्रममा NASC बाट प्राप्त O & M Survey को मस्यौदाका प्रावधानका सन्दर्भमा मन्त्रालयको राय सूझाव, सुधार गरिनुपर्ने विषयवस्तु र धारणा समेत लिखित रुपमा तयार गरी सबै सचिवहरु छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुने ।

२. मिति २०७७/९/२८ गते आयोजना हुन गईरहेको प्रदेश समन्वय परिषद्को वैठकमा प्राकृतिक श्रोतसाधनको उपयोग र बांडफांट तथा रोयल्टीको विषय, विकासजन्य गतिविधिहरु, सुकुम्वासी व्यवस्थापन, विपद व्यवस्थापन (कोभिड-१९ लगायत) को विद्यमान अवस्था, समन्वय र सहकार्य, समस्या र चुनौती, समाधानको बाटो सम्बन्धी विषयवस्तु र आ-आफ्नो मन्त्रालयको विषयक्षेत्र सँग सम्बन्धित विषयको कार्यपत्र सहित सबै सचिवहरु सहभागी हुने ।

३. आ.व. २०७८/०७९ मा संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गत संचालन गर्न आवश्यक आयोजना/कार्यक्रमहरुको प्रस्ताव उपलब्ध गराईदिने विषयक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ८०८, मिति २०७७/९/५ गतेको पत्रद्वारा माग गरिएको विवरण यथासीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

४. प्रदेश नीति तथा योजना आयोगका लागि कर्मचारी खटाई पठाईदिने विषयक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ८५६, मिति २०७७/९/१५ गतेको पत्राचारका सम्बन्धमा आवश्यक कारवाही अगाडि बढाउने ।

२०७७/९/२१

प्रमुख सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४